महाकाली, पथरैया , मोहना व्यवस्थापन डिभिजन कञ्चनपुर

महाकाली सिंचाइ प्रणाली ज.उ.स. द्वितिय चरण क्षेत्रिय समिति

सिंचाइ तथा जलस्रोत व्यवस्थापन आयोजना 'बी'

नियम तर्जुमा उपसमितिको काम कर्तव्य र अधिकार

सिंचाइ विकास एवं व्यवस्थापनको कार्यलाई सरल तथा सहज तरिकाले सम्पन्न गर्ने र उपभोक्ता किसानहरुको खेतमा समयमा समानुपातिक तवरले सिंचाइ सुविधा पुर्‌याई कृषि उत्पादन र उत्पादकत्वमा बृद्धि गरी कृषकहरुको जीवनस्तर सुधार गर्ने सवालमा जल उपभोक्ता संस्था (ज.उ.स.) दत्तचित्त भएर लाग्नु पर्दछ । यसका लागि कृषक उपभोक्ता हरुको प्रतिनिधि संस्था जल उपभोक्ता संस्थाले आफ्नो सामूहिक हितलाई ध्यानमा राखेर संस्थागत विकासको माध्यमबाट सिंचाइ प्रणालीको निर्माण, मर्मत सुधार , संरक्षण र संबर्द्धनका साथै दिगो तथा स्थायित्व प्रदान गर्न विविध किसिमका कृयाकलापहरु संचालन गर्नु पर्ने हुन्छ । ज.उ.स.को संस्थागत र प्रकृयागत ढंगबाट सिंचित क्षेत्र भित्रका उपभोक्ता किसानहरुलाई आवद्ध गराई सबै किसिमका कृयाकलापहरुमा सहभागी गराउनका लागि नेपाल सरकारको सिंचाइ नीति , सिंचाइ नियमावली , जलस्रोत ऐन र सम्बन्धित संस्थाको विधानलाई आधार मानेर प्रकृयागत हिसावले आवश्यकता मुताविक विभिन्न किसिमका नियम , निर्देशिका , नर्म्स तथा संस्थागत नीतिहरु तर्जुमा गरी ज.उ.स. भित्र लागु गर्नु पर्दछ । यसकालागि ज.उ.स. अन्तर्गत एउटा नियम तर्जुमा उपसमिति गठन गरी सोही उपसमितिमार्फत आवश्यक नियमहरु तर्जुमागरेर लागू गर्नु पर्दछ । उक्त नियम तर्जुमा उपसमितिको काम,कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

- जल उपभोक्ता संस्थालाई उचित रुपमा सम्बन्धित कृयाकलापहरु संचालन र सम्पन्न गर्न के कस्ता नियमहरु आवस्यक पर्दछन् तिनको आवस्यकता पहिचान गर्ने ।
- नेपाल सरकारको सम्बन्धित नीति, ऐन, नियमावली र नर्म्सहरुको विस्तृत रुपमा अध्ययन गर्ने ।
- आफ्नो जल उपभोक्ता संस्था (ज.उ.स.) को विधान गम्भीरता पूर्वक अध्ययन गर्ने र सो बमोजिम नियम, आचार संहिता, नर्म्सहरुको आवश्यकता पहिचान गर्ने ।
- आफ्नो संस्थाको विधान र अन्य सिंचाइ प्रणालीका ज.उ.स. हरुको विधानहरुको तुलनात्मक रुपमा अध्ययन गर्ने ।
- नियम तर्जुमा गर्ने सिलसिलामा आवस्यकता बमोजिम नेपाल सरकारको सम्बन्धित निकाय र संघ संस्थाहरुसंग सम्पर्क गरी आवश्यक सर सल्लाह र परामर्श लिने ।
- अन्य सिंचाइ प्रणालीहरुको ज.उ.स. प्रतिनिधिहरुसंग आवश्यक परामर्श र सहयोग लिने ।

- आवश्यकता हेरी कानूनी सर सल्लाह समेत कानुन व्यवसायी एवं सम्बन्धित व्यक्ति तथा निकाय संग गर्ने र सहयोग लिने ।
- नियम,नीति तथा नर्म्स तर्जुमा गर्ने सिलसिलामा विषयगत आवश्यकता हेरी अन्य विषय विशेषज्ञहरुसंग सल्लाह गर्ने र सहयोग लिने ।
- ज.उ.स.को विभिन्न निकाय, तह, सम्बन्धित सिंचाइ कार्यालयको उपसमिति एवं स्थानिय बुद्धिजीवी , स्थानिय निकाय र संघ संस्था र उपभोक्ता किसान एवं जन समुदायहरु संग आवश्यक सरसल्लाह गर्ने र सहयोग लिने ।
  - ज.उ.स. लाई आवश्यक पर्ने नियमहरु तर्जुमा गर्दा सम्बन्धित सिंचाइ कार्यालयको प्राविधिक कर्मचारी तथा संस्थागत विकास शाखा संग सम्पर्क र सम्बन्ध राख्नु पर्ने साथै विषयको गम्भीरतालाई ध्यानमा राखेर आवश्यक परेमा सम्बन्धित निकाय, विभाग वा मन्त्रालयको सम्बन्धित शाखामा पनि सम्पर्क राखेर राय सुझाव लिने ।
- ज.उ.स. को लागि नियम तर्जुमा गर्दा व्यवहारमा लागू गर्न सम्भव छ कि छैन अर्थात समय सापेक्ष र समुदाय सापेक्ष छ कि छैन वा व्यवहारिक रुपमा संभाव्य छ की छैन सो सम्बन्धमा पनि निकर्यौल गर्ने ।
- तर्जुमा गरिएका नियम,नीति वा नर्म्सका विषय बस्तु र धाराहरु नेपाल सरकारको प्रचलित नियम कानुन र सम्बन्धित संस्थाको विधानको धाराहरुसंग कही कतै बाझिन गएको छ कि छैन भनी सुक्ष्म किसिमले अध्ययन गर्ने र बाझिने किसिमले त्यस्ता विषयबस्तुलाई समावेश नगर्ने ।
- ज.उ.स. ले सम्पादन गर्नु पर्ने सिंचाइ विकास र व्यवस्थापन सम्बन्धी कृयाकलापहरुलाई मध्येनजर राखेर विभिन्न किसिमका नियमावली, नीति, कार्यविधि, नर्म्स र आचार संहिताहरु बनाउनु पर्ने हुन्छ । ती सबै तर्जुमा गरेर ज.उ.स. मा लागू गर्ने र गराउने कार्यमा यस नियम तर्जुमा उपसमितिको प्रमुख दायित्व रहन्छ । ती नियमावली,नीति,कार्यविधि, नर्म्स र आचार संहिताहरु देहाय बमोजिम हुनेछन् ।

  - ज.उ.स. प्रशासन सम्बन्धी नियमावली
  - ज.उ.स. आर्थिक व्यवस्थापन सम्बन्धी नियमावली
  - सिंचाइ सेवा शुल्क संकलन एवं परिचालन नियमावली
  - ज.उ.स. निर्वाचन नियमावली
  - नहर संचालन एवं मर्मत सुधार नियमावली
  - मेसिन उपकरण र सवारी साधन संचालन एवं व्यवस्थापन सम्बन्धी कार्यविधि
  - साईकल हस्तान्तरण एवं प्रयोग सम्बन्धी नीति
  - सिंचाइ प्रणाली अवलोकन भ्रमण आचार संहिता
  - तालिम, सेमिनार, गोष्ठी संचालन आचार संहिता
  - ज.उ.स. पदाधिकारी एवं सदस्यहरुको आचार संहिता

- ज.उ.स. बैठक संचालन एवं व्यवस्थापन सम्बन्धी आचार संहिता
- ज.उ.स. निर्वाचन आचार संहिता
- अनुगमन एवं मूल्यांकन उपसमितिको काम,कर्तव्य र अधिकार
- विवाद व्यवस्थापन उपसमितिको काम,कर्तव्य र अधिकार
- नियम तर्जुमा उपसमितिको काम,कर्तव्य र अधिकार
- नहर संचालन एवं मर्मत सुधार उपसमितिको काम,कर्तव्य र अधिकार
- निर्माण सुपरिवेक्षण एवं गुणस्तर उपसमितिको काम, कर्तव्य र अधिकार
- स्रोत एवं सिंचाइ सेवा शुल्क संकलन उपसमितिको काम,कर्तव्य र अधिकार

प्रस्तुतकर्ता - शिव कुमार श्रेष्ठ , सं.वि.वि. IWRMP 'B'